# नेपालगञ्ज उपमहानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज

### विज्ञापन करको ठेक्का सम्वन्धी शिलवन्दी वोलपत्र आव्हानको सूचना

**(प्रथमपटक प्रकाशित मिति २०७६।०७।२२ गते)**

नेपालगञ्ज उपमहानगरपालिकाको क्षेत्रभित्र रहेको स्थानमा विज्ञापनको ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधी भित्र रही कार्य गर्न इच्छुक व्यवसायिक फर्म, कम्पनीबाट नियमानुसार फर्म/कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व.२०७५/०७६ को करचुक्ता प्रमाणपत्र संलग्न राखि प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१.बोलपत्र फाराम मिति २०७६/०८/२१ गतेसम्म कार्यालय समयभित्र नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२.बोलपत्र फारम मिति २०७५/०८/२२ गतेका दिन दिनको १२:०० बजे भित्रसम्म नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय नेपालगञ्जमा पेश गरि सक्नुपर्नेछ। दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सो कार्य हुनेछ।

४.बोलपत्रदाताले बोलपत्र साथ नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक धम्वोझी, नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं.ग-३-४१३०३०३००७१०४ मा तोकिएको धरौटी जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले सो रकम वरावरको हुने कम्तीमा ७५ दिन म्याद भएको नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको नाममा जारी गरिएको बैंक तथा वित्तिय संस्थाको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ।

५.बोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको रकम कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ।

६.यस नगरक्षेत्रभित्र स्थायी ठेगाना भएका फर्मवाला बोलपत्रदाताहरुले अनिवार्य रुपमा यस उपमहानगरपालिकाको व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्य पेश गर्नुपर्नेछ।

७.ठेक्का स्वीकृत भएपछि ठेक्का रकम वरावर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता हुनु अगावै दाखिला गर्नुपर्नेछ र बाँकि किस्ताको रकम चार/चार महिनाको एकमुष्ट अग्रिमरुपमा बुझाउनुपर्नेछ।

८.ठेक्का सम्झौतापछिको बुझाउन बाँकी किस्ता रकम बराबरको ठेक्का अवधी सम्मको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

९.कबोल गरेको वार्षिक ठेक्का रकम संझौता गर्दाकै बखत एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिईने छ।

१०.यस कार्यालयबाट प्रमाणित नगरी विक्रि भएको, म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुनेछैन।

११.विज्ञापनको शुल्क दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ

१२.वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३.सम्वन्धित निकायलाई बुझाउनु पर्ने प्रचलित नियमानुसारको कर बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ।

१४.अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ।

१५.विस्तृत जानकारीको लागि यस उपमहानगरपालिकामा सम्पर्क गर्न र वेवसाईट www.nepalgunjmun.gov.np मा समेत हेर्न सकिनेछ।

**तपशिल :**

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम वार्षिक ठेक्का अंक (मू.अ.क.बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर | ठेक्का अवधि |
|---|---|---|---|---|---|
| ०१/०७६/०७७ (राजश्व) | नेपालगञ्ज उपमहानगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन कार्य | रु.३०,००,०००.०० (अक्षरुपी तीस लाख मात्र।) | रु.१,७०,०००। | रु.३,००० | सम्झौता मितिले ३ वर्षसम्म |

(हरि प्याकुरेल)

# नेपालगञ्ज उप-महानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
नेपालगंज, बाँके

हरि प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

## विज्ञापन करको ठेक्का सम्वन्धी वोलपत्र फारम

१. विज्ञापन करको ठेक्का भन्नाले नेपालगञ्ज उपमहानगरपालिकाको नीजि तथा सार्वजनिक क्षेत्रभित्र रहेको स्थानमा कुनैपनि विज्ञापन गर्दा तोकिएको कर असुल गर्ने ठेक्का भन्ने बुझिनेछ ।

२. बोलपत्र फारम मिति २०७६/०८/२२ गते दिनको १२:०० बजेसम्म नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दाखिला गरि सक्नुपर्नेछ । जसको नाममा बोलपत्र फाराम खरिद गरिएको हो, सोही नाममा बोलपत्र दाखिला हुनु पर्नेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे प्रतिनिधिको रोहवरमा नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने र खोल्ने दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन तोकिएको समयमा खरिद गर्ने र सोको भोलीपल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

३. बोलपत्र खाम बाहिर **नेपालगञ्ज क्षेत्रभित्रको लागी विज्ञापन कर सम्बन्धी बोलपत्र फाराम** भनि उल्लेख गरी लाहाछाप लगाई सोको संख्या र चिन्ह समेत उल्लेख गर्नु पर्नेछ ।

४. रीत नपुगेको, म्याद नाघी आएको र शर्त राखिएको बोलपत्र उपर कारवाही गरिनेछैन ।

५. अधिकार प्राप्त अधिकारीको हस्ताक्षर नभएको र नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको छाप नलागेको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

६. ठेक्का अवधी सम्झौता भएको मितिले ३(तीन) वर्षको हुनेछ ।

७. ठेक्काको न्यूनतम बार्षिक अंक मूल्य अभिवृद्धिकर वाहेक रु.३०,००,०००।-(अक्षरुपी रु.तीस लाख मात्र ।)रहनेछ ।

८. स्वीकृत शिलबन्दी बोलपत्र दाताले वार्षिक ठेक्का अंक भुक्तानी गर्दा कबोल गरेको वार्षिक ठेक्का रकम सम्झौता गर्दाकै वखत एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिईनेछ । एकमुष्ठ रकम बुझाउन सक्ने अवस्था नभएमा ठेक्का रकम बरावर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता हुनु अगावै दाखिला गर्नुपर्नेछ र बाँकी किस्ताको रकम चार/चार महिनाको एकमुष्ठ अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

९. बोलपत्रदाताले बोलपत्र साथ धरौटी रकम रु.१,७०,०००।- (अक्षरुपी एक लाख सत्तरी हजार मात्र ।)नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय नेपालगञ्जको नाममा राष्ट्रिय वाणिज्य बैंक धम्वोझी, नेपालगञ्ज शाखामा रहेको धरौटी खाता नं.ग-३-४१३०३०३००७१०४ मा जम्मा गरेको सक्कलै बैंकभौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय नेपालगञ्जको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नुपर्नेछ ।

१०. बोलपत्र स्वीकृत भएपछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम (वोलपत्र पेश गर्दा दाखिला गरेको धरौटी रकम समेत मिलान हुने गरी) नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगञ्जको धरौटी खातामा जम्मा गरेको सक्कल बैंकभौचर वा सो बराबरको ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

११. ठेक्का सम्झौता भएपछिको बुझाउन बाँकी रहने किस्ता रकमका लागि ठेक्का अवधि सम्म मान्य हुने बैंक तथा वित्तिय संस्थाबाट नेपालगञ्ज उपमहानगरपालिकाको नाममा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

१२. नियमानुसार लाग्ने अन्य सम्पुर्ण कर तथा शुल्कहरु समेत बोलपत्रदाता स्वयंले नै व्यहोर्नु/बुझाउनु पर्नेछ ।

१३. सम्झौता मान्य रहेको अवधिभर नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र रहेका स्थानमा विज्ञापनको सेवा शुल्कबाट प्राप्त हुने आम्दानी नेपालगञ्ज उपमहानगरपालिकाले तोके बमोजिमको दररेटमा नबढ्ने गरी उठाउने अधिकार संचालकको हुनेछ ।

१४. करका दरहरु (मूल्य अधिवृद्धिकर बाहेक) देहाय बमोजिम निर्धारण गरिएको छ :-

क) होडिङ्गबोर्ड(निजि वा सार्वजनिक स्थानमा प्रयोग हुने)बिद्युतिय बोर्ड,वालपेन्टलाई प्रतिबर्गफुट रु.८०।-

ख) डिस्प्ले डि.पि.यस. बोर्डलाई प्रतिबर्ग फुट रु.४०।-

ग) ब्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन रु.२००।-

घ) ब्यबसायीक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदिन रु.५०।-

ङ) मादक पदार्थ एबं धुम्रपानको बिज्ञापन मा थप २५।- प्रतिशत लिईने ।

च) उपमहानगरपालिका भित्रका चलचित्र मन्दिरहरुबाट कार्यालयलाई मनोरञ्जन कर प्राप्त हुने भएकोले प्रचार प्रसार छुट दिने ।

छ) अन्य नियमहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

१५. संचालकले उल्लेख गरिए बमोजिम लिईने शुल्क, आम्दानी बाहेक अन्य कुनैपनि प्रकारका शुल्कहरु लिन पाइने छैन ।

१६. निजी वा सार्वजनिक स्थानमा होर्डिङ्गवोर्ड राख्दा यस कार्यालयको पूर्वस्विकृति लिई राख्नुपर्नेछ ।

१७. संचालकल विजुलीको पोल तथा सोलारका पोलहरुमा होडिङ्गवोर्ड तथा विज्ञापन सामाग्री राख्न तथा लगाउन पाउनेछैन ।

१८. तोकिएका दररेटहरु घटाउने/बढाउने/परिमार्जन वा सरलीकरण गर्ने सम्पुर्ण अधिकार नेपालगञ्ज उप महानगरपालिकामा रहने छ । तर दररेटको परिमार्जनबाट ठेक्कामा पर्न जाने अनुकुल, प्रतिकुल प्रभावलाई मुल्याङ्कन गरी सहमतिमा ठेक्का अंकमा मिलान गर्न सकिनेछ ।

१९. सम्झौता बमोजिम विज्ञापन ठेक्का बन्दोवस्त गर्ने संचालकलाई कुनै किसिमबाट बाधा व्यवधान हुने/पर्ने गरी नेपालगञ्ज उप महानगरपालिकाबाट निर्देशन वा हस्तक्षेप गरिनेछैन । तर, सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएको निर्देशनलाई बाधा ब्यावधान गरेको मानिनेछैन । संचालकको कार्यमा बाधा नपर्नेगरी जुनसुकै समयमा निरिक्षण गर्न सकिनेछ । निरिक्षणमा आवश्यक सहयोग पुऱ्याउनु संचालकको कर्तव्य हुनेछ ।

२०. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ । तर समस्या वा विवाद उत्पन्न भएकै कारण, अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधी मानिने छैन ।

२१. प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्य गर्न/गराउन पाइने छैन ।

२२. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार नेपालगञ्ज उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।

२३. अन्य कुराहरु नेपालगञ्ज उपमहानगरपालिकाको निर्णय एवं प्रचलित ऐन बमोजिम हुनेछ ।

**२४. बोलपत्रदाताले नेपालगञ्ज उप महानगरपालिका लाई बुझाउन कबोल गरेको कवोल अंक (मूल्य अभिवृद्धिकर वाहेक)**

अंकमा : रु. ...............................................

अक्षरमा : रु. .........................................................

(बोलपत्रदाताले भरेको अंक र अक्षरमा फरकपरेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।)

२५. बोलपत्र दाताले राखेको धरौटी रकम:

अंकमा : रु. ...............................................

अक्षरमा : रु. .........................................................

माथि उल्लेखित सम्पुर्ण शर्त नियम तथा प्रावधानहरु र मिति २०७६ कार्तिक २३ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना समेत पढी बुझि सोही परिधिभित्र रही विज्ञापन कर संकलन सम्बन्धी कार्य गर्न मञ्जुर गरी यो बोलपत्र फाराम भरी पेश गरेको छु।

बोलपत्रदाता फर्म/कम्पनीको नाम :

फर्म/कम्पनीको ठेगाना :

संचालकको नाम :

संचालकको स्थायी ठेगाना :

सम्पर्क ठेगाना र फोन नं. :

ना.प्र.नं. :

पिता/पतिको नाम :

सहिछाप :

अधिकार प्राप्त व्यक्ति भएमा

नाम थर :

स्थायी ठेगाना :

(सम्पर्क) ठेगाना :

ना.प्र.नं. :

फोन नं. :

सहि छाप :

इति सम्बत् २०७६ साल ............... महिना ........ गते रोज ........ शुभम्।